नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. :०५३-५५०१३३
:०५३-५५०१६६
:०५३-५५०४३३
फ्याक्स :०५३-५५०००

बारा,
कलैया, नेपाल।


पत्र संख्याः-२०८१/०८२
चलानी नं. ३२३६

मितिः- २०८१।०५।२८

विषयः- जानकारी सम्बन्धमा ।

श्री जिल्ला स्थित सरकारी तथा सार्वजनिक कार्यालयहरु, सबै, बारा ।

उपरोक्त सम्बन्धमा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, हेटौंडा, मकवानपुरको च.नं. ५३२ मिति २०८१।०२।१८ गतेको पत्र पानाः१ आवश्यक जानकारीको लागि यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.............................
(छविरमण भट्टराई)
स.प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

# कर्मचारी सञ्चय कोष
## Employees Provident Fund
(कर्मचारी संचय कोष ऐन २०१९ बमोजिम स्थापित)
शाखा कार्यालय, हेटौंडा

फोन : ०५७-५२४३७७ (काउण्टर)
: ०५७-५२४३६४ (घरसापटी)
: ०५७-५२३३६४ (फाँटवारी)
: ०५७-५२४४२१
हेटौंडा, मकवानपुर ।


प.सं. ०८०/८१
च.नं. २२२

मिति २०८१/०२/१८

श्री जिल्ला प्रशासन कार्यालय,
कलैया, बारा।

जिल्ला प्रशासन कार्यालय, बारा
दर्ता नं. : ४२५४
दर्ता मिति: २०८१/०२/२९

**विषय: सूचना प्रवाह गरी सहयोग गरिदिने सम्बन्धमा।**

कर्मचारी सञ्चयकोषले आफ्ना सञ्चयकर्ताहरुलाई विभिन्न प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै आइरहेको ब्यहोरा अवगत नै छ। कोषले प्रदान गर्ने सञ्चयकर्ता कर्जा शिर्षक अन्तर्गतका धितोमा आधारित विभिन्न सापटीहरु उपभोग गरि सञ्चयकर्ताहरु लाभान्वित भई रहनु भएको छ। तथापी सो मध्ये केहि सञ्चयकर्ताहरुले नियमित रूपमा कोषलाई बुझाउनु पर्ने साँवा तथा ब्याज नियमित रुपमा नबुझाएको सन्दर्भमा कर्मचारी सञ्चय कोष, शाखा कार्यालय हेटौडाबाट विभिन्न मितिमा धितोमा आधारित कर्जा (घर सापटी, जग्गा खरिद सापटी, घर मर्मत सापटी तथा शैक्षिक सापटी) लिएका ऋणी सञ्चयकर्ताहरुले कोषमा बुझाउनुपर्ने नियमित किस्ता (साँवा तथा ब्याज) रकम तथा कर्जाको भाखा नाघेका ऋणीहरुले कोषलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण साँवा तथा ब्याज कोषमा दाखिला गर्ने ब्यवस्थाको लागी कोषमा सम्पर्क राख्ने सम्बन्धमा त्यस कार्यालय र जिल्ला स्थित सम्बन्धित कार्यालयहरुमा कार्यरत सम्बन्धित सम्पूर्ण कर्मचारीहरुको जानकारीको लागी सुचना प्रवाह गरी जानकारी गराई कोषको धितोमा आधारित कर्जा असुली प्रयोजनलाई सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ।

नोटः १. धितोमा आधारित सञ्चयकर्ता कर्जाको त्रैमासिक रुपमा ब्याज चुक्ता गर्ने सञ्चयकर्ताहरुको हकमा ब्याज चुक्ता गरेको त्रैमासको लागी तोकिएको ब्याजदरमा ०.२५ (शुन्य दशमलव दुई पाँच) प्रतिशत बिन्दुले छुट (Rebate) दिईने जानकारी गराईन्छ।

२. KYC अध्यावधिक गरेका सञ्चयकर्ताहरुले साँवा तथा ब्याज भुक्तानी गर्नका लागी www.connectips.com मा log in गरी Semi Government Payment System को EPF अंकित Logo मा छनौट गरी Connect IPS मार्फत तिर्न सकिनेछ।

३. KYC अध्यावधिक नगरेका सञ्चयकर्ताहरुले चेक तथा नगद मार्फत भुक्तानी गर्नका लागी GLOBAL IME Bank को खाता नम्बर ३०४०१०१०००१३३० मा रकम जम्मा गरी सो को भौचर hetauda@epf.org.np मा ईमेल मार्फत पठाउन सकिनेछ।

४. KYC अध्यावधिक गरेका सञ्चयकर्ताहरुले माछापुच्छ्रे बैंक, हिमालयन बैंक र एन.आई.सी एसिया बैंक मार्फत online भुक्तानी गर्न सकिनेछ।

५.कोषको कार्यालयमा स्वयम् उपस्थित भई QR Scan गरी कर्जाको साँवा तथा ब्याज बुझाउन सकिनेछ।

२०८१/२/१८

डा. दिलिपराज पौडेल
कार्यालय प्रमुख